

काठमाडौंमा बुधबार सिथि नखःको अवसरमा ल्वहं हिति (ढुंगेधारा) सफा गर्दै स्थानीय। तस्बिर : दिपेश दर्शनधारी/नागरिक

# सरकारी सेवामा हुँदाहुँदै पिआर लिनेलाई कारबाही माग

नागरिक संवाददाता

काठमाडौं, जेठ ३०

प्रतिनिधिसभाको बैठकमा एमाले सांसद रघुजी पन्तले नेपाल सरकारको जागिर खाँदाखाँदै विदेशी नागरिकता (पिआर) लिन रहर गर्ने विशिष्ट श्रेणीका कर्मचारीलाई कारबाही गरिनुपर्ने बताएका छन्। यसबारे अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कारबाही अघि बढाउन खोजे पनि प्रधानमन्त्री कार्यालयमा पत्र अड्किएको उनको भनाइ छ।

'नेपाल सरकारको नुन खाँदाखाँदै विदेशीको नागरिकता लिन पनि रहर लाग्ने महानुभाव को रहेछन् त्यो हामीले चिन्न पाउनुपर्‍यो,' उनले भने, 'त्यो अख्तियारको कारबाहीमा प्रशासनले छिटो कारबाही गरेर संसद्‌लाई जानकारी देओस्।' पिआर भएका कर्मचारीको दोहोरो नागरिकता छ कि छैन भनेर अख्तियारले लेखेको चिठी प्रधानमन्त्री कार्यालयमा रोकिएको उनको भनाइ छ। 'त्यो चिठी बल्लबल्ल फेला परेको छ रे, कारबाहीका लागि लेखिएको छ रे,' उनले भने।

कांग्रेसकी सांसद सीताकुमारी रानाले कर्णालीको पुलमा फसेका खच्चडका मालिकलाई क्षतिपूर्ति दिन सरकारसमक्ष माग राखिन्। उनले खच्चडका मालिकलाई सरकारले उचित क्षतिपूर्ति दिने व्यवस्था तत्काल गर्नुपर्ने बताइन्। पुल जीर्ण भएकाले आवतजावत बन्द गरिएको र अछाम र दैलेखका झन्डै सय जना विद्यार्थी विद्यालय जानबाट वञ्चित भएको उनले बताइन्। कम्तीमा २० दिन विद्यालय बन्द राख्ने भनिएको छ। नजिकै अन्य पुलको व्यवस्था पनि छैन,' उनले भनिन्।

प्रतिनिधिसभा बैठकमा सांसदहरूले जारी आइसिसी टी-२० विश्वकप २०२४ मा नेपाल क्रिकेट संघ (क्यान)को नेतृत्वले गरेको अनियमित कार्यको छानबिन गर्न आयोग नै बनाउनुपर्ने अवस्था आएको बताए। नेपालको शिर निहुराउने काम गरेकाले क्यान नेतृत्वलाई छानबिनको दायरामा ल्याएर कारबाही गर्नुपर्ने अवस्था आएको उनीहरूको भनाइ छ। बुधबारको प्रतिनिधिसभा बैठकमा बोल्दै एमालेका सांसद भीम आचार्यले विश्वकप खेल्न अमेरिका गएका खेलाडीलाई होटलमा उभ्याएर चन्दा उठाई दुरूपयोग गरेको, अवैध रूपमा खेलाडीले लगाउने जर्सी अमेरिका लगेर नेपालीलाई महँगोमा बिक्री गरी त्यो रकम पनि हिनामिना गरेको, ८० डलर पर्ने टिकट १३५ डलरमा क्यानको नेतृत्वले बिक्री गरेर नेपालको बेइज्जत गरेको आरोप क्यान नेतृत्वमाथि लागेको उनले बताए।

खेलाडीले हस्ताक्षर गरेको ब्याट र टी-सर्ट मर्यादाहीन तरिकाले बिक्री गरी हिनामिना गरिएको, अमेरिकामा बस्ने नेपालीबाट अवैध रूपमा चन्दा उठाई क्यानको खातामा नराखी दुरूपयोग गरेको, नेपाली टोलीले प्राप्त गरेको चार सय टिकट र २० वटा भिआइपी पास पनि अवैध ढंगले बिक्री गरेको, टी-२० विश्वकपमा सपोर्टिङ स्टाफ भनेर गएका १० जनामा डाक्टर अनिवार्य हुनुपर्नेमा अर्कै मान्छेलाई सहभागी गराएर नेपालको प्रतिष्ठामा आघात पुगेको पनि उनले बताए। 'क्यानको नेतृत्वले नेपाललाई नेपालीको बेइज्जत गरेको, आर्थिक अपचलन गरेको, नेपाललाई जिताउन होइन हराउन भूमिका खेलिरहेको, खेलाडीलाई शिर निहुराएर हिँड्नुपर्ने स्थिति बनाएको भन्दै खेलाडीको गुनासो छ,' उनले भने।

केही दिनअघि प्रधानमन्त्री कार्यालयको लेटरप्याड दुरूपयोग गरेर विश्वकप हेर्न अमेरिका पठाइदिने भन्दै मानव तस्करीको कोसिस गरेको कुरा प्रधानमन्त्री कार्यालयले रोकेको र त्यसमा पनि क्यानकै नेतृत्वको मिलेमतो भएको गुनासो आएको आचार्यले बताए। यी सबै विषयको छानबिन गर्न आयोग गठन गर्न उनले सरकारसँग माग गरेका हुन्।

# वडाको मुख्य आम्दानी भूमि र मालपोत कर

- नदीजन्य निकासी ५२.७ प्रतिशत
- काठदाउरा उत्पादन ७.८ प्रतिशत
- जडीबुटी उत्पादन २.१ प्रतिशत
- ६३.६ प्रतिशत वडा बाढीको जोखिममा
- १५ प्रतिशत वडामा मात्र कलेज

रूबी रौनियार

काठमाडौं, जेठ ३०

राष्ट्रिय जनगणना २०७८ को सामुदायिक प्रश्नावलीअन्तर्गत बुधबार सार्वजनिक गरिएको नतिजाले वडाहरूको मुख्य आम्दानीको स्रोत भूमि कर र मालपोत रहेको तथ्य उजागर गरेको छ। देशभरि कुल ६ हजार ७ सय ४३ वडामध्ये पाँच हजार २९४ अर्थात् ७८.५ प्रतिशत वडाहरूको मुख्य राजस्वको स्रोत भूमि तथा मालपोत कर रहेको तथ्यांक राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको हो।

कार्यालयका निर्देशक राजन सिलवालले जनगणनाबाट सामुदायिक प्रश्नावलीको प्राप्त मुख्य नतिजाको प्रस्तुति गर्दै त्यसपछि क्रमशः सेवाशुल्क दस्तुर आम्दानीको स्रोत रहेको ६९.१ प्रतिशत वडा छन् भने सम्पत्ति कर ५३.५ प्रतिशत र व्यवसाय कर ५२.८ प्रतिशत वडाको आम्दानीको स्रोत रहेको तथ्य उपलब्ध गराएका हुन्।

यसैगरी घरबहाल कर आम्दानीको स्रोत रहेको वडाहरूको संख्या ३२.८ प्रतिशत र घरजग्गा रजिस्ट्रेसन कर आम्दानीको स्रोत रहेका वडाहरू ३२.२ प्रतिशत छन्। 'मुख्य राजस्वको स्रोतहरूमा उल्लिखित करहरू नै सबै प्रदेशमा समान प्रकारले रहेको देखिन्छ,' निर्देशक सिलवालले भने, 'अन्य करहरूमा दण्ड, जरिवाना, सवारीसाधन कर, मनोरञ्जन करलगायत रहेका छन्।' उनले थपे, 'सबैभन्दा कम १.६ प्रतिशत मात्र मनोरञ्जन कर रहेको देखियो।' जनगणनाले पहिलो पटक सामुदायिक प्रश्नावलीको नतिजा सार्वजनिक गरेको उनले बताए।

**५२.७ प्रतिशत नदीजन्य उत्पादन निकासी**

केन्द्रले सार्वजनिक गरेको तथ्यांकले नेपाल गैरकृषि उत्पादनतिर बढेको देखाएको छ। बुधबार सार्वजनिक गरेको सामुदायिक प्रश्नावली अन्तर्गतको नतिजाले देशभरिमा रहेका ६ हजार ७ सय ४३ वडाहरूमध्ये २९०० अर्थात् ४३ प्रतिशत वडाहरूमा गैरकृषि उत्पादन हुने गरेको देखिएको छ भने नेपालमा नदीजन्य उत्पादन र निकासीले पहिलो स्थान हासिल गरेको छ। वडाहरूबाट निकासी हुने गैरकृषिजन्य बस्तुहरूबारे जनगणनाले तथ्यांक संकलन गरेको थियो।

वडाहरूबाट गैरकृषिजन्य उत्पादनहरू के कस्ता निर्यात हुने रहेछन् भनेर सामुदायिक प्रश्नमा सोधिएका थिए। नेपालको सन्दर्भमा नदीजन्य उत्पादनले बालुवा, गिटी, ढुँगालगायतले पहिलो स्थान हासिल गरेको कार्यालयका निर्देशक राजन सिलवालले नतिजा सार्वजनिक गर्दै जनाए। उनले प्रस्तुत गरेको जनगणनाको सामुदायिक प्रश्नावलीको नतिजामा नेपालको सन्दर्भमा ५२.७ प्रतिशत नदीजन्य उत्पादन निकासी हुने रहेको तथ्यांक छ।

उनले गैरकृषि उत्पादन सबैभन्दा बढी हुने प्रदेशमा गण्डकी ५१.८ प्रतिशत वडा रहेको तथ्यांक सार्वजनिक गरे। यसैगरी बागमती प्रदेशमा ४६.८ प्रतिशत वडा अग्रभागमा रहेको देखिएको तथ्यांकले औंल्याएको छ। लुम्बिनी, सुदूरपश्चिम प्रदेश र कोसी प्रदेश क्रमशः पछि रहेका छन् भने सबैभन्दा कमकजोर गैरकृषि प्रधान प्रदेश मधेस देखिएको छ। अर्थात् मधेसमा कृषिजन्य उत्पादन बढी छ।

जदीजन्य उत्पादन वडाहरू २२६७ वडामा देखिएको छ। अर्थात् ३३.६ प्रतिशत वडाहरू नदीजन्य उत्पदान गरिरहेका छन्। जसमध्ये सबैभन्दा बढी गण्डकी प्रदेशका ४५.७ प्रतिशत वडाहरू रहेका छन्। त्यसपछि बागमती प्रदेश ३८.३ प्रतिशत र लुम्बिनी प्रदेश ३५.९ प्रतिशत वडाहरू रहेका छन्। काठदाउराको उत्पादन गर्ने वडाहरू देशभरि ५२८ अर्थात् ७.८ प्रतिशत मात्र छन्। ती वडाहरूमध्ये सबै भन्दा बढी कोसी प्रदेश १४.१ प्रतिशत र गण्डकी प्रदेश १०.९ प्रतिशत वडाहरूमा काठदाउरा उत्पादन हुने गरेको तथ्यांक सार्वजनिक भएको छ। देशभरिका २.५ प्रतिशत अर्थात् १७१ वडाहरूमा जडीबुटी उत्पादन हुने मुख्य वडाहरू रहेकामा सबैभन्दा बढी कर्णाली प्रदेश ८.४ प्रतिशत र त्यसपछि सुदूरपश्चिम प्रदेश ४.६ प्रतिशत रहेको छ। नेपालको सन्दर्भमा नदीजन्य उत्पादनले पहिलो स्थान ५२.७ प्रतिशत निकासीको स्थान ओगटेको छ। दोस्रो, तेस्रो र चौथो स्थानमा क्रमशः औद्योगिक १२ प्रतिशत, काठदाउरा ११.८ प्रतिशत, माटाको इँटा ५.६ र जडीबुटी ५.५ प्रतिशत रहेको छ।

प्रदेश तहमा पनि सातै प्रदेशमा नदीजन्य उत्पादनले पहिलो स्थान लिएको छ। दोस्रो र तेस्रो स्थानमा प्रदेशअनुसार काठजन्य बस्तु, औद्योगिक बस्तु , माटोइँटा, मसला र जडीबुटीजन्य बस्तुले निकासीको स्थान लिएको छ। 'एउटा रोचक के देखिन्छ भने लुम्बिनी बाहेक ६ वटै प्रदेशमा जडीबुटी निकासी हुने गरेको अवस्था छ,' निर्देशक सिलवालले विश्लेषण गर्दै भने, 'औद्योगिक वस्तु र काठदाउराको निकासी पनि सबै प्रदेशमा हुने गरेको देखिन्छ। यद्यपि तिनीहरूको स्थान प्रदेश अनुसार फरक फरक रहेको छ।

**९९ प्रतिशत वडामा कुनै न कुनै जोखिम**

विपत् जोखिमको अवस्थाको आधारमा वडा संख्या हेर्दा बाढीको जोखिम उच्च रहेको छ। सामुदायिक प्रश्नावलीमा १६ प्रकारका प्राकृतिक विपत् वा प्रकोपको खतरा तथा भू-धरातलीय जोखिमहरू राखी वडामा भएका कुनै पाँच जोखिमहरू प्राथमिकतामा राखेर सोधिएको थियो। नेपालमा भएका ६ हजार ७ सय ४३ वडाहरूमध्ये ६६ हजार ६ सय ६४ वडामा अर्थात् ९९ प्रतिशत वडाहरू कुनै न कुनै जोखिमै रहेको पाइयो। सबैभन्दा बढी बाढीको जोखिममा वडा छन्। ६३.६ प्रतिशत वडाहरू बाढीको जोखिमा रहेको जनगणनाको तथ्यांक छ। सबै भन्दा कम हिमताल विस्फोटनको जोखिम रहेको सरकारी तथ्यांक छ। हिमताल विष्फोटनको जोखिममा १.२ प्रतिशत मात्र छन्।

**इन्टरनेटयुक्त विद्यालय ७४ र अपाङ्गमैत्री २७ प्रतिशत**

शैक्षिक पूर्वाधारको अवस्थाअनुसार वडाहरूको अवस्था हेर्दा हालसम्म देशमा इन्टरनेट सुविधायुक्त विद्यालयको संख्या ७४ प्रतिशत पुगेको छ। भने विद्युत् सुविधायुक्त विद्यालय ८२ प्रतिशत छन् भने अपाङमैत्री विद्यालय २७ प्रतिशत मात्र छन्। १५ प्रतिशत वडाहरूमा मात्र कलेज र क्याम्पसहरू रहेका छन् भने सार्वजनिक पुस्तकालय रहेको वडाको संख्या १३ प्रतिशत मात्र छ। आधारभूत विद्यालय ८९ प्रतिशत, बालविकास केन्द्र ७५ प्रतिशत र माध्यमिक विद्यालय ६७ प्रतिशत पुगेको छ। तथ्याँक विश्लोण गर्दा विद्यालयमा इन्टरनेट र विद्युत्को पहुँच बढेको छ। यसले बालबालिकाको शिक्षण सिकाइस्तरीय बनाउन सहयोग गर्ने महत्त्वपूर्ण भूमिका खेल्छ। यद्यपि २६ प्रतिशत विद्यालयमा इन्टरनेटको पहुच पुऱ्याउन सरकारले जोड दिनु पर्छ।

**२६ प्रतिशत मात्र चिकित्सकको पहुँच**

वडाभित्र वा आधा घण्टाको पैदल दुरीमा रहेको स्थानबाट उपभोग गर्दै आएको सेवासुविधाबारे प्राप्त विवरणअनुसार आधा घण्टाको पैदल दूरीमा उच्च शिक्षा कक्षा १२ माथिको सुविधा उपलब्ध भएका वडाहरू देशभरि ४०.८ प्रतिशत दहेका छन्। यसैगरी आधाघण्टाको पैदल दूरीमा पुस्तकालयीय सुविधा रहेका वडा १९.६ प्रतिशत छन् भने आधा घण्टाको दूरीमा मेडिकल डाक्टर एमबिबिएस सेवा उपलब्ध भएका वडाहरू २६.७ प्रतिशत मात्र रहेको छ। यही अवस्थामा सुरक्षा बेस वा प्रहरी चौकीको सुविधा भएका वडा ५४.९ प्रतिशत छन्। पाँच किमि दुरीमा दमकल सेवा उपलब्ध हुने वडाको संख्या २२.१ प्रतिशत रहेको तथ्या.क छ। हरियाली पार्क र बालउद्यान , खेलमैदानको सुविधा रहेको वडा ३२.५ प्रतिशत छन् भने बैंक तथा वितीय सुविधा रहेको वडा २२ प्रतिशत छन्।

जनगणनामा संकलन गरिएको विवरणअनुसार वडाका स्वास्थ्य उपलब्ध बिभिन्न सुविधाहरूमध्ये सबैभन्दा बढी खोप सेवा ९५.२ प्रतिशत अर्थात् ६४१८ वडामा र सबै भन्दा कम सर्पदंश उपचार सेवा मात्र १२ प्रतिशत अर्थात् ८०९ वडामा उपलब्ध रहेको छ।

'नेपालको कुल वडाहरूमध्ये ३१.७ प्रतिशतमा मात्र सार्वजनिक शौचालय सुविधा रहेको पाइएको छ,' निर्देशक सिलवालले भने, '६८.३ प्रतिशतमा सार्वजनिक शौचालय देखिएन। आब राज्यले नीति निर्माण गर्दा आधिकारीक तथ्यांक प्रयोग गर्दा उपलब्धीमूलक हुन्छ।'

राष्ट्रिय योजना आयोगका सचिव डा. तोयानारायण ज्ञवालीले तथ्यांक कार्यालयले सार्वजनिक गरेको तथ्यांकले प्राथमिकताको क्षेत्र निर्धारण गर्न महत्त्वपूर्ण योगदान दिने बताए। 'सरकारले विश्वास गर्ने आधार नै एक मात्र तथ्याँक कार्यालयको तथ्यांक नै हो। विकासका नीति योजना तथा कार्यक्रम बनाउन, बजेट निर्माण गर्न सार्वजनिक भएको तथ्यांक निकै उपयोगी हुन्छ,' सचिव ज्ञवालीले भने, 'शिक्षा, स्वास्थ्य, विपद् जोखिमको अवस्था, बालगृह, सार्वजनिक शौचालय, पार्कलगायत निकै महत्त्वपूर्ण तथ्यांक प्राप्त भएका छन्।'

# मन्त्रीका जिल्लामा मात्र बजेट लगिएको सांसदको आरोप

नागरिक संवाददाता

काठमाडौं, जेठ ३०

मन्त्रीले आफ्नो जिल्लामा मात्र बजेट लैजाने गरेको भन्दै प्रतिनिधिसभाका सदस्यले आपत्ति जनाएका छन्।

विनियोजन विधेयकअन्तर्गत सहरी विकास मन्त्रालय, रक्षा मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको विभिन्न शीर्षकमाथिको छलफल तथा बुधबारको शून्य समयमा सांसदले मन्त्रीले आफ्ना क्षेत्र र जिल्लामा मात्र बजेट विनियोजन गरेको आरोप लगाएका हुन्।

सरकारको मन्त्री सबै जिल्लाको साझा हुनुपर्नेमा पदको दुरूपयोग गरेर आफ्नो चुनाव जित्ने प्रपञ्च गरी बजेट लगिएको उनीहरूको आरोप छ। स्वतन्त्र सांसद अमरेशकुमार सिंहले सहरी विकास मन्त्रालयका मन्त्रीले सबै बजेट आफ्ना जिल्लामा लगेकाले अब सहरी विकास मन्त्रालयलाई मन्त्री विकास मन्त्रालय राख्नुपर्ने बताए। सहरी विकास मन्त्री धनबहादुर बुढा डोल्पा क्षेत्र १ बाट निर्वाचित हुन्। '१० हजार जनसंख्या भएको डोल्पामा तीन पानाको योजना लैजानुभएको छ,' सांसद सिंहले भने। सरकारको बजेट आफूखुसी विनियोजन गर्ने मन्त्रीको व्यक्तिगत सम्पत्ति नभएको भन्दै त्यस्तो गर्न नमिल्ने उनको भनाइ छ। जनताले तिरेको करबाट बनेको बजेट हो,' उनले भने, 'आफ्नो क्षेत्रमा एउटा पनि योजना दिइएको छैन। उनले १ लाख रूपैयाँमा स्मार्ट सिटी बनाउने मन्त्री आफूले दुनियाँमा नदेखेको बताए। उनले भने, 'कुनै एउटा भू-भागलाई बजेट दिँदै नदिने ? मधेसमा कति बजेट दिनुभएको छ। मेरो क्षेत्रमा एउटा पनि योजना परेन।' उनले मन्त्रीको चाकरीको आधारमा बजेट विनियोजन गर्ने प्रथा अन्त्य गर्न आवश्यक रहेको बताए।

राष्ट्रिय प्रजातन्त्र पार्टीकी सांसद रोशन कार्कीले बजेट मन्त्रीहरूको जिल्लामा केन्द्रित गरिएको बताइन्। 'मन्त्रीजीहरूले बजेट जति सबै आफ्नै जिल्लामा लाने, हामी के गर्ने ?' उनले यसको उदाहरणमध्ये एक महिला तथा बालबालिका मन्त्रालय रहेको पनि बताइन्। 'हामी के गर्ने सभामुख महोदय, मेरो यो प्रश्न छ मन्त्रीजीहरूलाई,' उनले भनिन्, 'मन्त्रीहरूका क्षेत्रमा गएका बजेट कटौती गर्नुपर्‍यो, फिर्ता गराउन लगाउनु पर्‍यो।

कांग्रेसका सांसद राजेन्द्रकुमार केसीले पनि महिला मन्त्रालयको बजेटमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीको गृह जिल्ला सुनसरीमा मात्रै विनियोजन भएको देखिएको टिप्पणी गरेका छन्। महिला मन्त्रीले आफ्नो जिल्लामा मात्रै योजना राखेको उनले आरोप लगाए। महिला मन्त्रालयको पाएको १ अर्ब ६० करोडको बजेटमा सबै सुनसरी मात्रै देखिएको केसीको भनाइ छ।

माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्तीले पाँच करोडभन्दा कम रकम संघको सरकारले विनियोजन गर्नु गलत भएको बताएका छन्। प्रधानमन्त्री पुष्पकमल दाहालले संघीय सरकारले पाँच करोडभन्दा कम बजेट विनियोजन नगर्ने प्रतिबद्धता जनाएका थिए तर प्रधानमन्त्रीको भनाई विपरीत बजेट आएको भन्दै सांसद घर्तीले पाँच करोड मुनिका योजनालाई संघीय सरकारले विनियोजन गर्न नहुने बताए। 'संक्रमणकालीन न्याय सम्बन्धी काम र सत्य निरूपण मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिहको लागि बजेट छुट्याइएको देखिएन,' उनले भने। 'द्वन्द्वपीडितका लागि क्षतिपूर्ति र परीपूरणका लागि बजेट नदेखिएकाले संक्रमणकालीन न्याय सम्बन्धी कानुन बन्नेमा आशंका पैदा भएको उनको भनाइ छ।

एमालेका पृथ्वीसुब्बा गुरुङले बजेट छुट्याएर नेपाली सेनालाई अझै आधुनिकीकरण, सक्षम र लोकतान्त्रीकरण गर्नुपर्ने बताए। उनले नेपाली सेनाको अझै आधुनिकीकरण, पेशागत हिसाबले अझै सक्षम संस्था बनाउनु जरुरी रहेको बताए। उनले भने, 'राष्ट्रिय सुरक्षा भनेको खाली नेपाली सेनाको मात्र होइन, नेपाल प्रहरी छ। सशस्त्र प्रहरी छ। राष्ट्रिय सुरक्षालाई व्यवस्थापन गर्ने, सुदृढ गर्ने, ऐनमा समयानुकूल सुधार गर्नुपर्ने केही छ भने सुधार गरेर अघि बढ्नुपर्छ।' कांग्रेसका सांसद जीवन परियारले संविधानमा उल्लेख गरिए अनुरूप दलित समुदायको हक, अधिकार सुनिश्चित गर्न आग्रह गरे। संविधानको धारा ४० ले दलित समुदायलाई विभिन्न हक र अधिकार दिएको भए पनि त्यसको कार्यान्वयन गर्नमा सरकारले ध्यान नदिएको गुनासो गरे। नागरिक उन्मुक्ति पार्टीकी सांसद रन्जिता श्रेष्ठले आगामी आर्थिक वर्षको बजेटमा सहरी विकास मन्त्रालयका कार्यक्रम सहरकेन्द्रित भएको बताइन्।

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी-१, धादिङ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः२०८१/०२/३१

यस गजुरी गाउँ कार्यपालिकाको कार्यालयबाट तपसिल बमोजिमको खरिदका लागि मिति २०८१/०१/२८ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरुको मुल्यांकनबाट निम्नानुसार न्युनतम मुल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावाग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कामको विवरण | संख्या | स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | Procurement of 4WD Hard-top Jeep | 1 unit | Agni Incorporated Pvt. Ltd., Panipokhari, Kathmandu | रु.७३,००,०००.०० |

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management

Federal Water Supply and Sewerage Management Project
Dhangadhi, Kailali

Invitation of Bids

Date of 1st publication: 13th June, 2024 (31st Jestha 2081) on www.bolpatra.gov.np/egp

Federal Water Supply and Sewerage Management Project Dhangadhi, Nepal invites electronic bids fromEligible and qualified bidders for the construction of below mentioned works in following Water Supplyand Sanitation Projects under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification No. | Description of Works | Average Annual Turnover of best 2years overlast 10 years (Excluding VAT) NRs. | Work Experience of Similar Size and Nature (At least one contract, ExcludingVAT), NRs. | Bid Security Amount, (NRs.) | Bid Document Fee, (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | 03/2080/081/WSP/FWSSMP/DhangadhiKailali | Construction of Aadarsha Sailigaad Brihat Lift Water Supply Project Package-I, Doti, Aadarsha RM Doti | 16,50,00,000.00 | 13,15,00,000.00 | 55,00,000.00 | 10,000.00 | |

- Bidding documents is available online and can be downloaded from e-GP system; www.bolpatra.gov.np/egp.
- Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Federal Water Supply and Sewerage Management Project, Dhangadhi, Kailalion or before 12:00 Noon on14th July, 2024.
- If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

Project Chief